(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

# gjlj sNk

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek





२०७४ वैशाख ३१


वर्ष ९ अङ्क ३२ पूर्णाङ्क ४२१ | आइतवार, वैशाख १०, २०७४ | April 23, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-


# उम्मेदवार चयन र सिफारिस तिब्र

■ **सन्तोष गौतम/नवविकल्प**



म्याग्दीका राजनीतिक दलहरूले आसन्न स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनौट र सिफारिस कार्यलाई तिब्र बनाएका छन् ।

नेपाली काँग्रेस र एमालेले बेनी नगरपारिकाका उम्मेदवारको सिफारिस संगै सहमती भएको वडाका उम्मेदवार चयन गरेका छन् भने माओवादी केन्द्रले अधिकांश स्थानीय तहका उम्मेदवार सिफारिस र वडाका उम्मेदवार चयन गरेको छ । राप्रपाले आइतबार उम्मेदवार सिफारिस र छनौट गर्ने जनाएको छ भने जनमोर्चाले उम्मेदवार घोषणा गरिसकेको छ ।

केन्द्र बिवाद रहेको रघुगंगा गाउँपालिकामा भने दलहरूले उम्मेदवार सिफारिस र छनौटको काम अघि बढाउन सकेका छैनन् । सबै दलले वडा तहका उम्मेदवार जिल्ला स्थलमै छनौट गर्नेछन भने गाउँ नगरका प्रमुख उपप्रमुखको उम्मेदवारको नाम प्रदेश र केन्द्रमा सिफारिस गर्ने बताएका छन् ।

नेपाली काँग्रेस बेनी नगर समितिको मंगलबार बसेको बैठकले नगरपालिकाको प्रमुख पदको उम्मेदवारका लागि नेत्रबहादुर महत, क्याप्टेन मिनबहादुर कार्की र हरि कुमार श्रेष्ठको नाम सिफारिस गर्ने निर्णय गरेको छ ।

उपप्रमुखको उम्मेदवार सिफारिस गर्न भने बाँकी रहेको म्याग्दी काँग्रेसका प्रचार बिभाग प्रमुख अजयमिलन श्रेष्ठले बताउनुभयो । एमालेले बेनी नगरपालिकाको प्रमुखको उम्मेदवारका लागि प्रमोद श्रेष्ठ, सुरत केसी र राजकुमार थापा तथा उपप्रमुखमा दुर्गा कार्की, मुना बानियाँ र पशुपती शाहीको नाम सिफारिस गरेको छ ।

एमालेबाट मेयरको उम्मेदवार सिफारिस भएका केसी नेपाल पत्रकार महासंघका निवर्तमान शाखा अध्यक्ष हुनुहुन्छ भने श्रेष्ठ मात्र नेपाल उद्योग वाणिज्य महासंघमा केही दिन अघि उपाध्यक्षमा निर्वाचित हुनुभएको हो । माओवादी केन्द्रले बेनी नगरपालिका प्रमुखको लागि केन्द्रिय सम्मेलन आयोजक कमिटिका सल्लाहकार कृष्णबहादुर कार्की र नगर कमिटी अध्यक्ष शेरबहादुर केसी तथा उपप्रमुखमा ज्योती लामीछाने लाई सिफारिस गरेको छ ।

राप्रपाबाट पुर्व जिल्ला अध्यक्ष एकेन्द्र रावलले बेनी नगरपालिकाको मेयर र सञ्जु बरूवाल उपमेयरमा उठ्ने तयारी छन् । राष्ट्रिय जनमोर्चाले फौजबहादुर कार्की (बिदुर)लाई मेयर र भुमाकुमारी कार्की(बिष्णु)लाई उपमेयरको उम्मेदवार बनाउने निर्णय गरेको छ ।

अन्नपूर्ण गाउँपालिकामा नेपाली काँग्रेसले घोडेपानीका डमबहादुर पुन, एमालेले घार चित्रेका नारायण पुन र माओवादी केन्द्रले भुरूङ तातोपानीका कुलबिर राम्जालीलाई अध्यक्षको उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरेका छन् । अन्नपूर्णमा माओवादी केन्द्रले राम्चे नांगीकी लालकुमारी पुनलाई उम्मेदवार बनाउने निर्णय गरेको छ भने काँग्रेस र एमालेले उपप्रमुखको


***बाँकी पृष्ठ ७ मा***


## यसभित्र...



- प्रमुख पदमा महिला उम्मेदवार कम
- मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना
- माओवादी केन्द्रका उम्मेदवार र प्रतिवद्धतापत्र सार्वजनिक
- यस्ता छन वडा अध्यक्षका उम्मेदवार
- म्याग्दीमा साढे ७१ हजार मतदाता र १०२ मतदान केन्द्र


*स्थानीय तह निर्वाचन विशेष समाचार पृष्ठ ३ मा*


- बाँसखर्कका कृषकले आफै बिरुवा उत्पादन गर्न थाले
- अल्लो कपडाको माग बढेपछी उद्यमी व्यस्त
- साढे ४८ हजार पर्यटकले घोडेपानी घुमे
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रभावित


*आर्थिक समाचार पृष्ठ ६ मा*


प्रवासी युवाहरुको सक्रियतामा खेल मैदान




*विस्तृत समाचार अन्तिम पृष्ठमा*






cfof cfof cfof nf

**BAJAJ FREE SERVICE CAMP**

**हंशराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि.ले**

यही **वैशाख १३ र १४** गते **BAJAJ** मोटरसाइकलहरुको लागि म्याग्दी जिल्लाको **A.S.P.** बेनीबजार कालीपुलमा रहेको शुभकामना अटोमोवाइल्समा फ्री सर्भिस क्याम्प राख्ने भएको छ । जसमा तल उल्लेखित सेवाहरु ग्राहक वर्गहरुको लागि दिइनेछ । मौकाको फाइदा उठाउनु होला ।

**GENUINE नै टिक्छ** | **GENUINE नै SAFE छ**

मिस्त्री चार्जमा ५०% छुट

इन्जिन आयल मुबिलमा १५% छुट

स्पेयर पार्टस्मा १०% छुट

BAJAJ MOTORCYCLES

**शुभकामना अटोमोवाइल्स**

कालीपुल बसपार्क, बेनीबजार, म्याग्दी

मोवाइल नं. : ९८५७६२७९१२, ०६९-५२००६५

5f]s/L

## बेनी-महारानीथान सडक कालोपत्रे सुरु

■ नवविकल्प

बेनीको धार्मीक पर्यटकीय स्थल महारानी थानसम्म पुग्ने सडक कालोपत्रे गर्ने कार्य सुरू भएको छ । सडक डिभिजन कार्यालय बागलुङले बेनी देखि महारानीथान जोड्ने सडक कालोपत्रे गर्नका लागि काम सुरू गरेको हो ।

४७० मिटर कालोपत्रे र ५० मिटर सडक ढलान गर्न ३७ लाख रूपैयामा सम्झौता गरेको रामकृष्ण निर्माण सेवाले कामलाई तिब्रता दिएको छ । असार मसान्तसम्म सक्ने सम्झौता भएपनि त्यो अघिनै सम्पन्न गर्ने कम्पनीका सञ्चालक प्रविण सापकोटाले बताउनुभयो । चार मिटर चौडाईमा कालोपत्रे र ढलान हुने भएको छ । बेनी-पाखापानी सडकको प्रवेश बिन्दुमा रहेको सो सडक कालोपत्रे भएमा महारानी थान पुग्ने भक्तजन, आसपासका बासिन्दा र अन्य ग्रामिण सडकतर्फ जाने आउने सर्वसाधारणलाई सुबिधा पुग्ने जनाइएको छ ।

## दृष्टीविहीन दिम्पतीका छोरीहरुलाई सहयोग

■ नवविकल्प

बेनी नगरपालिका-१ अर्जमका एक युवाले दृष्टीविहिन दम्पतीका छोरीहरूको अध्ययनको लागि आर्थिक सहयोग जुटाउनुभएको छ ।

हाल रोजगारिको शिलसिलामा मलेसियामा रहनुभएका अशिष परियार ( झिल्के)ले म्याग्दीको धौलागिरी गाउँपालिका -७ ताकमको रातमाटाका दृष्टिविहीन दम्पती जलन र सुस्मीता विकका छोरीहरूको अध्ययनको लागि रू २३ हजार बढी सहयोग जुटाउनु भएको हो ।

दृष्टीविहिन दम्पतीका विद्यालय उमेरका तिन छोरीहरू अध्ययनबाट बञ्चीतीमा परेको सम्बन्धमा म्याग्दी अनलाईन मार्फत समाचार प्रकाशन भएपछि परियारले सामाजिक सञ्जाल फेसबुक मार्फत सहयोगको आह्वान गर्नुभएको थियो ।

दलित अधिकारकर्मी सामाजिक अभियान्ता समेत रहनुभएका परियारको सक्रियतामा मलेसियामा रहेका विभिन्न ठाउँका सहयोगदाताहरू मार्फत संकलन भएको २३ हजार ३७३ रकम पिडित परिवारलाई हस्तान्तरण गरिएको छ । परोपकारी संस्था ओमकुमारी शान्ति कोषमा आयोजित कार्यक्रममा समन्वयकर्ता पत्रकार कमल खत्री, कोषका अध्यक्ष राजेश शाक्य, संस्थापक अध्यक्ष चन्द्रकुमार केसी र नेपाल उद्योग बाणिज्य महासंघका उपाध्यक्ष प्रमोद श्रेष्ठले संयुक्त रूपमा दृष्टिविहिन दम्पती र उनका छोरीहरूलाई सो रकम हस्तान्तरण गर्नुभएको थियो ।

## वौद्ध बिहारको उद्घाटन

■ नवविकल्प

बेनी नगरपालिका ७ मा निर्माण भएको वौद्ध बिहारको शनिबार उद्घाटन गरिएको छ । म्याग्दी वौद्ध संघले आयोजना गरेको कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष मैत्री महाअष्टबीरले उद्घाटन गर्नुभएको हो । उद्घाटन कार्यक्रममा सांसद रेशमबहादुर बानियाँ, प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल, प्रहरी नायव उपरिक्षक बसुन्धरा खड्का, विभिन्न राजनितिक दल, संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिती रहेको थियो ।

म्याग्दी वौद्ध संघ र बिहार निर्माण समितिका अध्यक्ष यजनलाल शाक्यको अध्यक्षता र सचिव याम शाक्यको सञ्चालनमा सम्पन्न कार्यक्रममा बिहार निर्माण र संघको स्थापनाकालदेखि हालसम्म योगदान गर्ने ब्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

बिहार निर्माणका लागि बेनीको संगमचोक निवासी पुण्यबहादुर र लक्ष्मी शाक्यले एक रोपनी सात आना जग्गा सहयोग गर्नुभएको थियो । समुदाय स्तरबाट ५३ लाख रूपैयाँ सहयोग जुटाएर वुद्ध बिहारको भवन निर्माण भएको हो । यसैगरी तिन लाखको लागतमा प्रवेशद्वार र ६ लाख रूपैयाँको लागतमा बिहारसम्म जाने बाटोमा रेलीङ राखिएको छ । बिहारमा पुर्वाधार निर्माणका लागि साविकको जिविस र पर्यटन कार्यालय पोखराले सात लाख रूपैयाँ सहयोग गरेका थिए ।

बिहारमा पुजा स्थल, प्रवचन स्थल र भिक्षु निवास रहेको छ । बेनीको मंगलाघाट बजार माथि रहेको वौद्ध बिहार क्षेत्र शान्त र एकान्त वातावरणमा अवस्थित छ । वौद्ध बिहार परिसरबाट सदरमुकाम बेनी बजार र मंगलाघाटको अवलोकन गर्न सकिन्छ । बिहारमा दैनिक पुजाआजा, साप्ताहीक रूपमा धर्मदिशना हुने गरेको छ ।

छ वर्षअघि टिनले छाएको अस्थाई टहरामा रहेको वौद्ध बिहार परिसरको पुर्वाधार निर्माणसंगै अहिले कायापलट भएको छ । पुर्वाधार सुबिधासंगै भक्तजन र आन्तरिक पर्यटकहरूको आगमन पनि बढ्न थालेको छ ।


**सूचना ! सूचना !! सूचना !!!**

विगत लामो समय देखी यहाँहरुको माझमा सेवा गर्दै आएको ताजा चाउमिनको मूल्यका साथै तौलमा वृद्धि भएको समस्त ग्राहक महानुभावहरुमा जानकारी गराउँदछौ । प्रतिकिलो चाउमिनको मूल्य ७५ रुपैयाँ कायम भएको जानकारी गराउँदछौ ।

**जाल्पा चाउमिन उद्योग-बेनपा ६, म्याग्दी**

**कालीगण्डकी चाउचाउ उद्योग-मिलनचोक, पर्वत**



नवविकल्प साप्ताहिक पत्रिकाको इ-पेपर लगायत ताजा स्थानीय तथा राष्ट्रिय समाचारका लागि-

www.bikalpanews.com


# सातका तस्वीर



पौरखी कृषक : पर्वतको जलजला गाउँपालिका ७ धाईरीङ केराबारीका कृषक बारीमा उत्पादन भएको बन्दा बजार पठाउने तयारी गर्दै । मालढुङ्गा बेनी सडक आसपासको क्षेत्रका कृषकहरु व्यवसायिक तरकारी खेतीबाट राम्रो आम्दानी गर्न सफल भएका छन् । तस्विर सन्तोष गौतम



म्याग्दी प्रहरी तालीममा : बैशाख ३१ गते हुन लागेको स्थानीय तह निर्वाचनका लागि म्याग्दीमा भर्ना गरीएका म्यादी प्रहरीहरुलाई बेनीको खुल्ला मञ्चमा तालीम



खानेपानीको टंकी निर्माण गर्दै : धौलागिरी गाउँपालिका ७ ताकमको मच्छिम, शिवाङ र हिलापोखरी गाउँका सबै घरमा निजी धारा जडान गर्ने लक्ष्य सहित सञ्चालित खानेपानी आयोजनाको टंकी निर्माण गरिदै । तस्विर बिष्णु तिलीजा, खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय म्याग्दी




# प्रमुख पदमा महिला उम्मेदवार कम

■ नवविकल्प

म्याग्दीमा क्रियाशिल राजनीतिक दलहरू महिलालाई दोस्रो तहमा सीमित गर्ने तयारीमा छन् । संबिधानले स्थानीय तहको प्रमुख र उपप्रमुख मध्य एक उम्मेदवार महिला हुनैपर्ने ब्यवस्था गरेको छ । यसैगरी वडामा एक जना दलित महिला र एक जना महिला सदस्यका उम्मेदवार चयन गर्नुपर्ने ब्यवस्था छ ।



दलहरूबीच भएको समिकरणको प्रयास सफल भएमा महिला नेताहरू उपाध्यक्ष एवं उम्मेदवार उम्मेदवार बन्ने अवसर समेत नपाउने अवस्था छ । उम्मेदवार छनौट र सिफारिसमा ब्यस्त नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, राष्ट्रिय जनमोर्चा लगायतका दलभित्र नगरपालिका, गाउँपालिकाको प्रमुख तथा वडा अध्यक्षको दावी गर्ने महिला नेताहरू सिमीत संख्यामा छन् । धेरै महिला नेताहरूले उपप्रमुख पदकै दावी गरेका छन भने दलहरू पनि उनिहरूलाई सोही पदको उम्मेदवार बनाउने तयारीमा छन् । बेनी नगरपालिकामा नेपाली काँग्रेसबाट मेयरको उम्मेदवारका लागि दावी गरेका बिना खड्का, बिमला गौचन र अमृतादेवी बानियाँ मध्य एक जनाले उपमेयर उम्मेदवारको टिकट पाउने सम्भावना छ । एमालेमा बेनी नगरपालिकाको मेयरको दावी गरेका मुना बानियाँ, दुर्गा कार्की, पशुपती शाही, माओवादी केन्द्रिकी ज्योती लामीछाने उपमेयरका लागि सिफारिस हुनुभएको छ । एमालेकी थमसरा पुनले धौलागिरी गाउँपालिकाको प्रमुखको उम्मेदवारको अडान छाड्नु भएको छैन् ।

हालसम्म दुई जना महिला नेताको नाम वडा अध्यक्षको उम्मेदवारका लागि सिफारिस भएको छ । नेपाली काँग्रेसले देविस्थानमा पिपला बुढा र माओवादी केन्द्रले घारमा नानीमाया बरूवाललाई वडा अध्यक्षको उम्मेदवारमा सिफारिस गरेका छन् । बेनपा ८ मा माओवादी केन्द्रबाट देवी केसी उम्मेदवार बन्ने चर्चा छ ।

राष्ट्रिय जनमोर्चाले भुमाकुमारी कार्की (बिष्णु)लाई बेनी नगरपालिकाको उपप्रमुखको उम्मेदवार बनाउने निर्णय गरीसकेको छ । राप्रपाकी सञ्जु बरूवाल बेनी नगरपालिकाको उपप्रमुखको उम्मेदवारको आकांक्षी हुनुहुन्छ भने मालिका गाउँपालिकामा काँग्रेसले बिमला रोकालाई उपाध्यक्षको उम्मेदवार बनाउन सिफारीस गरेको छ ।

केन्द्र बिवाद रहेको रघुगंगामा उम्मेदवार छनौट र राजनीतिक गतिबिधी अघि बढ्न सकेको छैन । मालीका गाउँपालिकामा एमालेकी खरमाया बिटालु, माओवादीका सरस्वती पुन, लालमाया पाईजा, धौलागिरीमा माओवादीकी सिता छन्त्याल, भिममाया छन्त्यल, मालीकामा एमालेकी सिर्जना केसी, माओवादीकी यामकुमारी पुन, बिन्द्रा खड्काको नाम उपाध्यक्षको उम्मेदवार रूपमा चर्चामा छ ।

अन्नपूर्ण गाउँपालिकामा माओवादी केन्द्रले लालकुमारी पुनलाई उपाध्यक्षको उम्मेदवार बनाएको छ भने एमालेका दुर्गा पुन सम्भावीत उम्मेदवारको रूपमा रहनुभएको छ । जिल्लाकै एकमात्र तेस्रो लिङ्गी मतदाता रहनुभएकी नारच्याङकी वुद्धी पुन एमालेबाट उपाध्यक्षको उम्मेदवार बन्न आकांक्षी हुनुहुन्छ । काँग्रेसले नाम सार्वजनिक नगरेपनि उपाध्यक्षको उम्मेदवार बनाउन महिला नेताको खोजी गरीरहेको छ ।

बेनपा ३ भकिम्लीमा वडाको दलित महिला सदस्यको उम्मेदवार बनेकी नेपाली काँग्रेसकी जिल्ला कार्यसमिति मनकुमारी विश्वकर्माले महिला उम्मेदवारलाई प्राथमिकता दिइएपनि राजनीतिक कम सहभागीता भएकाले समस्या भएको बताउनुभयो । उहाँले नेतृत्व लिन महिला आफै अग्रसर बन्नुपर्ने बताउनुभयो । अनेमसंघकी अध्यक्ष थमसरा पुनले पुरूषबादी सोचका कारण महिलालाई दोस्रो पदमा सिमीत गर्न खोजीएकोप्रति दुःख ब्यक्त गर्दै प्रमुख पदको दावी नछाड्ने बताउनुभयो ।

अनेमसंघ क्रान्तिकारी म्याग्दीकी अध्यक्ष ज्योती लामिछानेले सबैजसो पार्टीले महिलालाई विश्वास गरिसकेको अवस्था नरहेकाले यो निर्वाचनलाई अवसर पाए महिलाले नेतृत्व गर्न सक्छन भन्ने प्रमाणीत गराउने अवसरको रूपमा लिनुपर्ने बताउनुभयो ।

# म्याग्दीमा साढे ७१ हजार मतदाता र १०२ मतदान केन्द्र

■ नवविकल्प

आसन्न स्थानीय तहको निर्वाचनका लागि म्याग्दीमा स्थानीय तह अनुसारको मतदाताको संख्या सार्वजनिक भएको छ । कुल ७१ हजार ४६३ जना मतदाता रहेको म्याग्दीमा ७२ मतदान स्थल र १०२ मतदान केन्द्र कायम भएको जिल्ला निर्वाचन अधिकारी केदारनाथ पौडेलले जानकारी दिनुभयो । आयोगले स्थानीय तह अनुसारको मतदाता नामावली तयार पारेर वेभसाईट मार्फत सार्वजनिक गरेको थियो ।

१० वटा वडा रहेको बेनी नगरपालिकामा १८ हजार ३४५ मतदाता रहेका छन् । सबैभन्दा कम मतदाता ७ वटा वडा रहेको धौलागिरी गाउँपालिकामा नौ हजार ३३४ जना रहेको छ । आठ वटा वडा रहेको अन्नपूर्ण गाउँपालिकामा १० हजार ५१९, ५ वटा वडा रहेको मंगला गाउँपालिकामा ११ हजार ५८, ७ वटा वडा रहेको मालीकामा १० हजार ६४४ र ८ वटा रहेको रघुगंगामा ११ हजार ५६३ जना मतदाता रहेका छन् ।

अन्नपूर्णमा १३, धौलागिरीमा १२, बेनी नगरपालिकामा १७, मंगलामा ७, मालीकामा ९ र रघुगंगामा १४ मतदान स्थल रहने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । बैशाख ३१ गते हुने स्थानीय तह निर्वाचनबाट २३७ जनप्रतिनिधी चुनिने जनाइएको छ ।

मत बदर हुन नदिन मतदाता शिक्षा कार्यक्रम पनि सुरू भएको छ । मतदाता शिक्षाका लागि म्याग्दीमा १०२ जना स्वमसेवक परिचालन भएका छन् । उनीहरु निर्वाचन प्रचारप्रसार अवधिसम्म मतदातालाई मतदान गर्न अभिप्रेरित गर्ने, नमुना मतपत्रमा मतदान गर्न सिकाउने कार्यक्रम रहेको जनाएको छ ।

# राप्रपाको वडा कार्यसमिति गठन

■ नवविकल्प

राप्रपा म्याग्दीले स्थानीय तह लक्षित चुनावी कार्यक्रमलाई तिव्रता दिएको छ । उसले स्थानीय पार्टी संठन निर्माणमा जुटेको छ ।

बेनी नगरपालिका ९ मा शनिबार पूर्णबहादुर कार्कीको अध्यक्षतामा १९ सदस्यीय राप्रपाको वडा कार्यसमिति गठन भएको छ । कमिटिको उपाध्यक्षमा यामबहादुर बानिया, सचिवमा नगेन्द्र बस्नेत, कोषाध्यक्षमा क्षेत्रबहादुर चोखाल र सहसचिवमा अर्जुन खत्री रहनुभएको छ ।

सदस्यहरूमा गोकर्ण खत्री, सिता खत्री, जितबहादुर कार्की, रामबहादुर जिसी, चक्रप्रसाद शेरचन, कुलबहादुर बस्नेत, भिमबहादुर नेपाली, खिमबहादुर खत्री, बिश्वास पुरी, सन्तोष बस्नेत, उज्वल मल्ल, लिलबहादुर खत्री र बिनोद बस्नेत रहनुभएको छ ।

कार्यक्रममा राप्रपाका केन्द्रिय सदस्य तथा पूर्व राज्यमन्त्री भिमप्रसाद गौचनले लोतन्त्रको जग बलियो बनाउन स्थानीय तह निर्वाचन सफल पार्नुपर्नेमा जोड दिदैं हिन्दु पहिचानको एजेण्डालाई राप्रपाले प्राथमिकता दिएको बताउनुभयो ।

कार्यक्रममा राप्रपाका जिल्ला अध्यक्ष बिरबहादुर थापा क्षेत्री, नगर कार्यसमिति अध्यक्ष हरिबहादुर शाक्य, राष्ट्रिय प्रजातान्त्रीक युवक संगठनका अध्यक्ष दिलीप गौचन र नगेन्द्र बस्नेतले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

# मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

■ नवविकल्प

आगामी ३१ गते हुन लागेको स्थानीय तह निर्वाचनको तयारीका लागि बेनीमा आईतबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । म्याग्दीका अन्य पाँच वटा स्थानीय तहका निर्वाचन कार्यालयसंग समन्वय र बेनी नगरपालीकाको निर्वाचन गराउने जिम्मेवारी सहित जिल्ला अदालतमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको हो ।

राजनीतिक दल, प्रमुख जिल्ला अधिकारी लगायत सम्बन्धित कार्यालय प्रमुख र सुरक्षा अधिकारीहरूको उपस्थितीमा जिल्ला न्यायाधिश समेत रहनुभएका मुख्य निर्वाचन अधिकृत रामप्रसाद शर्माले कार्यालयको बोर्ड राख्नु भएको थियो ।

मंगला, मालीका, धौलागिरी, रघुगंगा, अन्नपूर्ण लगायत देशैभरका सबै स्थानीय तहका गाउँपालिकामा भने बैशाख १२ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने निर्वाचन आयोगको कार्यतालीका छन् ।

कार्यालय स्थापनापछि आयोजित कार्यक्रममा मुख्य निर्वाचन अधिकृत शर्माले संबिधानले परिकल्पना गरे अनुसार धेरै अधिकार सहित स्थानीय सरकार गठन गर्न स्थानीय तह निर्वाचन हुन लागेको बताउँदै अहिलेको स्थानीय तह विगतको भन्दा फरक भएको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले निर्वाचनलाई लक्षित गरेर भरपर्दो सुरक्षा ब्यवस्था मिलाउन आवश्यक योजना तयार पारीएको बताउँदै स्वच्छ, मर्यादीत, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबै पक्षबाट सहयोगको अपेक्षा ब्यक्त गर्नुभयो ।

नेपाल बार एशोसीयसन म्याग्दीका अध्यक्ष भुपेन्द्रबहादुर खड्काले निर्वाचनपछि गठन हुने स्थानीय सरकारबाट जनताले आफ्नो शाषन आफै गरेको प्रत्यक्ष अनुभुती गर्ने बताउनुभयो । नेपाली काँग्रेसका सचिव हरिकुमार श्रेष्ठ, राप्रपाका अध्यक्ष बिरबहादुर थापा क्षेत्री, राष्ट्रिय जनमोर्चाका अध्यक्ष छवी विश्वकर्मा र जनमुक्ति पार्टीका तिलक थापाले गणतन्त्रलाई संस्थागत गर्न र सिंहदरबारको अधिकार तथा सेवा सुबिधा जनताको घरदैलोमा पुऱ्याउन स्थानीय तह निर्वाचन हुन लागेको बताउनुभयो । जिल्ला अदालतका श्रेष्तेदार राजु ढुङ्गानाको सञ्चालनमा सम्पन्न कार्यक्रममा मालीका गाउँपालीकाका निर्वाचन अधिकृत जगन्नाथ पौडेलले समेत मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

# माओवादी केन्द्रका उम्मेदवार र प्रतिवद्धतापत्र सार्वजनिक

■ नवविकल्प

नेकपा माओवादी केन्द्र म्याग्दीले गाउरनगरपालिकाको प्रमुख उपप्रमुख र वडा अध्यक्ष लगायत पदका उम्मेदवार घोषणा गरेको छ । नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवस तथा लेलीन जयन्ती पारेर केन्द्रिय कार्यक्रम अनुसार म्याग्दी लगायत देशभरका ७४४ वटै स्थानीय तहमा उम्मेदवार र प्रतिवद्धतापत्र सार्वजनिक गरेको हो ।

प्रदेश कमिटिमा नाम सिफारिस भएका उम्मेदवार र जिल्ला कमिटिले चयन गरेका वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारहरूको नामावली सार्वजनिक गरीएको थियो । स्थानीय तहको प्रतिवद्धतापत्रको मुल नारा "माओबादी केन्‍्को उपहार, गाउ, नगरमा सिहंदरबार" भन्ने रहेको छ ।

नेकपा माओबादी केन्‍्को प्रतिबद्धता पत्रमा राजनीति जनसहभागिता मुलक समाबेशी लोकतन्त्रको जग नै स्थानीय तह, सार्वजनिक प्रशासनको आधारमा सुशासन कायम गरिने,समृद्ध नेपालको आधार समृद्ध गाउ नगर, भुमि नीति, कृषि नै ग्रामीण विकासको मुल आधार र ग्रामीण पुर्वाधार विकासको कार्यक्रम सञ्‍चालन गरिने उल्लेख गरेको छ ।

त्यसैगरि भूकम्पपछिको पुननिमार्ण, वन संरक्षण र हरियाली नेपाल, शहरी विकास, शहरीकरणको नमुना, औद्योगिक शहरको परिकल्पना, निमार्णमुखी ब्यापार अन्तराष्ट्रिय ब्यापारको आधार कार्यक्रम लागु गरिने प्रतिबद्धता पत्रमा उल्लेख छ । आर्थिक विकास, जनस्रोत परियोजना, पर्यटन ब्यापार, सास्कृतिक सम्पदाहरूको संरक्षण, श्रम र रोजगार लगाएतका ३० वटा बुदाँहरू उल्लेख छन । म्याग्दीका स्थानीय तहको प्रतिवद्धतापत्र केही दिनमै सार्वजनीक गर्ने माओवादी केन्द्रले जनाएको छ । म्याग्दीमा पूर्वाधार विकास, जलविद्युत, कृषि, पर्यटन र जडिवुटी मार्फत आर्थिक सम्बृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकता दिने बेनी नगर समितिका अध्यक्ष शेरबहादुर केसीले बताउनुभयो ।

# यस्ता छन वडा अध्यक्षका उम्मेदवार

■ नवविकल्प

आसन्न स्थानीय तह निर्वाचनका लागि नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र ले शनिबारसम्म अधिकांश वडाका अध्यक्ष र सदस्यहरू पदका उम्मेदवार चयन गरेका छन् । केही वडामा उम्मेदवार चयन गर्न बाँकी छ ।

बेनी नगरपालिकामा नेपाली काँग्रेसले बेनपा १ रत्नेचौरमा छवीलाल श्रेष्ठ, २ ज्यामरूकोटमा प्रताप मल्ल, ३ भकिम्लीमा जसबहादुर पुन, ७ मा रमेशकुमार श्रेष्ठ, ८ मा धनप्रसाद श्रेष्ठ, ९ मा चक्र केसी र १० पात्लेखेतमा रिम रोकालाई वडा अध्यक्षको उम्मेदवारको टिकट दिएको छ । एमालेले बेनपा १ मा टेकबहादुर रावल, ३ मा डिलबहादुर थापा, ४ मा गोविन्दप्रसाद पौडेल, ५ मा लक्ष्मण बानियाँ, ६ मा कृष्ण बायिनाँ ७ मा राजेन्द्र श्रेष्ठ, ८ मा रामकृष्ण बराईली, ९ मा बेलबहादुर चोखाल र १० मा कृष्ण मल्ललाई वडा अध्यक्षको उम्मेदवार बनाएको छ ।

माओवादी केन्द्रले ज्यामरूककोटमा कृष्णबहादुर कार्की, भकिम्लीमा भोजबहादुर थापा (कुमार किसान), सिंगामा अणबहादुर खड्का (भगवान), पुलाचौरमा सागर पौडेल, बेनी ७ मा पदम किसान, घतानमा झलक बिकलाई उम्मेदवार बनाउने भएको छ । बेनपा ६ का उम्मेदवारका लागि बिरबहादुर थापा, यादव सुवेदी र अर्जुन पौडेल र ८ मा देवी केसी र योगेन्द्र श्रेष्ठको नाम सिफारिस भएको छ ।

काँग्रेसको तर्फबाट अन्नपूर्ण गाउँपालिका ३ दानामा बेलबहादुर पुर्जा, ४ नारच्याङमा चन्द्रप्रसाद फगामी, ६ घारमा कृष्णप्रसाद बरूवाल, ८ राम्चेमा लक्ष्मण गर्बुजा र ७ हिस्तानमा गमबहादुर फगामी वडा अध्यक्षको उम्मेदवारका लागि सिफारिस गरेका छन् । एमालेबाट अन्नपूर्ण २ भुरूङ तातोपानीमा यामबहादुर फगामी, ३ दानामा नरसिङ पुर्जा, ५ शिखमा भिमबहादुर तिलीजा, ६ घारमा गोकुल बरूवाल, ७ हिस्तानमा मनबहादुर पुर्जा र राम्चेमा खमबहादुर गर्बुजा वडा अध्यक्षको उम्मेदवारका लागि सर्वसम्मत सिफारिस भएका छन् ।

काँग्रेसले मंगला १ कुहुँमा केशरबहादुर जिसी र ५ अर्मनमा दुर्गाबहादुर खत्री, मालीका १ निस्कोटमा टंक पुन, २ मा ताराप्रसाद रोका, ३ मा कुलमान पटेल, ४ मा भिजेन्द्रमान पुन, ५ मा पिपला बुढा, ६ मा शिवनारायण फगामी र ७ मा पलबिर जुग्जाली, धौलागिरी १ गुर्जामा समबहादुर छन्त्याल, २ लुलाङमा ज्ञानबहादुर पाईजा, ७ ताकममा मनबहादुर भण्डारी र ४ मुदीमा हस्तबहादुर पुन काँग्रेसको तर्फबाट वडा अध्यक्षको उम्मेदवार बन्नुहुने भएको छ ।

एमालेले १ कुहुँमा डेगबहादुर राम्जाली, २ बाबियाचौरमा धनबहादुर खाती, ४ बरंजामा ओमप्रकाश रोका, ५ अर्मनमा भुपेन्द्र केसी, मालीका १ निस्कोटमा बुद्धीबहादुर पुन, २ रूममा नरबहादुर पुन, ४ ओखरबोटमा दधीलाल कडेल, ५ देविस्थानमा कुलबहादुर घर्ती, ६ दरवाङमा सन्तनाथ जैसी, ७ बिममा टुकलाल पुन उम्मेदवार बन्नुहुने भएको छ ।

धौलागिरी २ लुलाङमा मोतीलाल पुर्जा, ३ मुनामा पूर्ण पुन, ४ मुदीमा बेगप्रसाद घर्ती, ५ मल्कवाङमा लालबहादुर छन्त्याल, ५ मराङमा राजाराम सुवेदी र ७ ताकममा कलानिधी सुवेदीलाई अध्यक्षको उम्मेदवार बनाउने नेकपा एमाले म्याग्दीको शुक्रबार बसेको बैठकले निर्णय गरेको छ ।

माओवादी केन्द्रले अन्नपूर्ण गाउँपालिकाको दोवामा शेरबहादुर गर्बुजा, भुरूङ तातोपानीमा ओमप्रसाद फगामी, दानामा लालबहादुर तिलीजा, नारच्याङमा नन्दबहादुर तिलीजा, शिखमा बागबिर पाईजा, घारमा नानीमाया बरूवाल, हिस्तानमा भक्तबहादुर पुन र राम्चेमा थमनबहादुर तिलीजा वडा अध्यक्षको उम्मेदवार चयन गरेको नेता वुद्धी पुनले बताउनुभयो ।

एमालेले मालीका गाउँपालिका १ निस्कोटमा गोविन सिउथानी, २ रूममा हर्कबहादुर नेपाली, ३ डाँडागाउँमा कृष्ण पुन, ४ ओखरबोटमा रेशम पुन, ६ दरवाङमा खड्ग छन्त्याल र ७ बिममा रेकप्रसाद शेरपुञ्जालाई उम्मेदावर बनाउन सिफारिस गरेको छ ।

माओवादी केन्द्रले धौलागिरी गाउँपालिका १ गुर्जामा झकबहादुर छन्त्याल, २ लुलाङमा बलबहादुर बिक, ३ मुनामा याम भण्डारी, ४ मुदीमा कमल पाईजा, ६ मराङमा गौबहादुर केसी (कृष्ण) र ७ ताकममा खमबहादुर थापालाई वडा अध्यक्षको उम्मेदवार बनाउने सिफारिस आएको माओवादी केन्द्रले जनाएको छ ।

माओवादीले मंगला गाउँपालिका १ कुहुँबाट देवराज सुवेदी र डिलबहादुर किसान, २ बाबियाचौरबाट बृन्दा खड्का र कुलबहादुर पुन, ३ बरंजामा यामबहादुर रोका, ४ बरंजामा ओमबहादुर रोका (रवी) र ५ अर्मनमा मनप्रसाद मगरको नाम माओवादी केन्द्रको वडा अध्यक्षका उम्मेदवारका लागि जिल्ला कमिटिमा सिफारिस भएर आएको छ ।

प्रमुख दलहरूभित्र वडा, गाउँ तथा नगरपालिकाको उम्मेदवार बन्न धेरै आकांक्षी भएकाले छनौट गर्न सकस परेको छ । १६ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने निर्वाचन आयोगको कार्यतालीका छ ।

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

**सम्पादकीय ...**

# निर्वाचनको सुनिश्चितता

बैशाख ३१ गते मुलुकमा नयाँ संविधान अनुसार स्थानीय तहको निर्वाचन हुँदैछ । नयाँ संविधान कार्यान्वयनको पहिलो खुट्किलो भनेको स्थानीय तहको निर्वाचन हो । नयाँ संविधानमा केन्द्र,प्रदेश र स्थानीय तहको सरकारको परि कल्पना गरेको छ । स्थानीय तहको निर्वाचन मार्फत नगर र गाउँ सभा एवम् व्यवस्थापिकाको गठन हुनेछ । स्थानीय तह सञ्चालनको जिम्मेवारी निर्वाचित नगर तथा गाउँसभालाई हुनेछ । त्यसै पनि अहिलेको नयाँ संरचनालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनका लागि स्थानीय तह निर्वाचनको कुनै विकल्प छैन । तर निर्वाचन गर्नका लागि मधेशवादी दलहरु प्रमुख चुनौतीका रुपमा उभिएका छन् । उनीहरु निर्वाचनको घोषणा सँगै विरोधमा छन् । प्रदेशको सीमाना हेरफेर लगायत स्थानीय तह थप गर्नु पर्ने अडान राख्दै उनीहरु आन्दोलनमा छन् । सरकारले विभिन्न चरणहरुमा उनीहरु सँग वार्ता र छलफल गर्दै आएको छ । मधेशवादी दलहरुलाई पनि निर्वाचनमा सहभागि हुने वातावरण निर्माण गर्न सकेमा मात्र निर्वाचनको सुनिश्चितता हुन्छ ।

पछिल्लो पटक सरकारले मधेशवादी दलहरु सँगको छलफललाई तिव्रता दिएको छ । संविधान संशोधन लगायतका विषयहरुमा मधेशवादी दलहरु सँग सकरात्मक तरिकाले छलफल भएको कुरा वाहिर आएको छ । मुलुकमा निर्वाचन हुन नदिने चलखेल पनि चलेका छन् । बैशाख ३१ को घाषित मितिमा निर्वाचन हुन नदिन विभिन्न चलखेलहरु भएका छन् । भित्री र वाह्रय रुपमा निर्वाचनलाई पछि धकेल्ने गरि भएका छलफल र वार्ता नेपाली नागरिकहरुलाई स्विकार्य पक्कै पनि हुँदैन होला । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले घोषित मितिमा नै निर्वाचन हुनुपर्ने अडान राख्दै आएको छ । यो सकरात्मक छ । तर मधेशवादी दलहरुलाई समावेश नगरि हुने निर्वाचनले समस्यालाई झन बल्झाउने होकी भन्ने चिन्ता पनि व्यक्त गरि एका छन् । तराईका केहि प्रदेशहरुमा केही समय निर्वाचन सारेर पनि निर्वाचन जसरी पनि हुनुपर्दछ । दलहरुको ध्यान पछिल्लो समय यतै तिर पुगेको छ । मधेशवादी दलहरु सँग सहमति गरेर दुइ चरणमा निर्वाचन गर्ने भन्ने सहमति भएको कुरा वाहिर आएको छ ।

यदि मुलुकमा निर्वाचन हुने सुनिश्चितता गरिन्छ भने दुइचरणमा निर्वाचन गर्दा केही फरक नपर्ला । मधेशवादी दलहरुको मागलाई सम्बोधन गरि निर्वाचन गर्दा यसले अन्तराष्ट्रिय जगतमा पनि सकरात्मक सन्देश पुऱ्याउछ । तर दुइचरणमा गर्ने नाममा पहिलो र दोस्रो चरणको समय धेरै फरक राख्नु त्यति राम्रो हुँदैन । अहिले पहिलो बैशाख ३१ र दोस्रो जेठ ३१ को प्रस्ताव वाहिर आएको छ । यो फरक समय अलि धेरै भयो । यसले राजनीतिक रुपमा भोली असर नपार्ला भन्न सकिदैन । पहिलो चरणमा निर्वाचन हुने र दोस्रो चरणको निर्वाचनलाई असफल पार्ने षडयन्त्र लुकेको पनि हुनसक्छ । यस तर्फ पनि दलहरुको ध्यान पुग्नुपर्ने देखिन्छ । यदि यस्तो भयो भने देशमा ठूलो राजनीतिक संकट पैदा हुनसक्छ । पहिलो चरणको निर्वाचन पछि सत्ता हस्तान्तरणको पनि कुरा आएको छ । सत्ताको खेलले निर्वाचनलाई कुनै पनि हालतमा असर पार्नुहुँदैन । त्यसैले जेठ ३१ मा दोस्रो चरणको निर्वाचन हुने सुनिश्चितता गरिनुपर्दछ । सुनिश्चितता वेगरको सहमतिले झन थप झटिलता पैदा गर्दछ ।

**शान्ति सन्देश**

स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट
सहकार्य र सद्भावको वृद्धि गरौं ।

शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति
म्याग्दी

# भारतीय कूटनीतिको चुतियापन फेरि एकपटक सार्वजनिक भयो !



... भारतको पछिल्लो व्यवहारले सिंगो नेपालको मन दुखेको छ । विद्या भण्डरीको हिजोको राजनीतिक पृष्टभूमि जे भए पनि आजको दिनमा उनी नेपालको राष्ट्रपति हुन । उनको मान अपमान सोझै मुलुकसँग जोडिन्छ । त्यसैले "सौताको रिसले लोग्नेको काख भिजाउने" भनेजस्तो भारतीय व्यवहार कूटनैतिक निम्छरोपनको प्रदर्शन हो । हेपाहा प्रवृतिको नाङ्गो प्रदर्शन हो ।

- **चन्द्रप्रकाश बानियाँ**

सामाजिक सञ्जालहरू यतिबेला एकथरी नेपालीहरूका रूवावासीले भरिएका देखिन्छन् । खासगरेर, आफूलाई एमाले सम्बद्ध वा समर्थक शुभचिन्तक सम्झने नेपालीहरू सर्वाधिक मर्माहत र आक्रोशित भएका छन् । उनीहरूको चित्त दुख्नुको कारण उति ठूलोभने हो जस्तो लाग्दैन । त्यति धेरै महत्व दिनुपर्ने विषय त्यो थिएन । भारतका राष्ट्रपति प्रणव मुखर्जीको निम्तो मान्न यतिबेला नेपालका राष्ट्रपतिको भारतयात्रा स्वाभाविक रूपमा चलेकै छ । भैदियो के भने नेपालको राष्ट्रपतिको स्वागतका निमित्त भारतीय सरकारले आफ्नो एकजना राज्यमन्त्रीलाई खटायो । नेपालका राष्ट्रपति दिल्लीस्थित इन्दिरागाँधी अन्तरराष्ट्रिय विमानस्थल ओर्लदा उनको स्वागतका लागि अपेक्षाकृति "लो प्रोफइलकी" भन्न मिल्ने राज्यमन्त्रीको उपस्थिति थियो । कृष्ण राजको सरकारी हैसियत जेसुकै होस, उनी ब्यक्तिगत वा ओहोदाको हैसियतले हवाईमैदानमा उपस्थित भएकी होइनन । उनी भारत सरकारको प्रतिनिधि थिइन, राष्ट्रपतिको प्रतिनिधि थिइन । उनले सिंगो भारतकै प्रतिनिधित्व गरेकी थिइन । नेपालको राष्ट्रपतिको स्वागत कृष्ण राजले होइन, भारतसरकारले गरेको हो । त्यसलाई अपमान भन्न मिल्दैन । ब्यवहारमा कहिलेकही त्यस्तो हुनसक्छ । नेपालकै जस्तो अन्य देशका मन्त्री प्रधानमन्त्रीहरूलाई सधै रिवन काट्दै हिंड्ने फुर्सद हुदैन । त्यसैले त्यो संयोग भारतको तत्कालीन ब्यवस्थापनमा आइलागेको अप्ठेरोको परिणाम होला भनेर बुझिदिनुपर्छ । त्यसलाई नियतबस गरिएको नेपाल, नेपाली र नेपालका राष्ट्रपतिको अपमानको रूपमा बुझ्नु हुदैन । निम्तोमा बोलाएर पनि विमानस्थलमा सरकारको प्रतिनिधि उपस्थित नभैदिएका भए बल्ल त्यो मान अपमानको विषय बन्थ्यो ।

सामान्य स्थितिमा कुन हैसियतको पाहुनाको स्वागतमा कुन स्तरको प्रतिनिधि खटाइयो भन्ने कुराले खासै अर्थ राख्दैन । मान सम्मान भन्ने कुरा औपचारिकतामा होइन, ब्यवहारमा प्रकट हुने कुरा हो । तितो यथार्थ के हो भने नेपाल भारतको कुटनीतिक सम्बन्धमा कहीं कतै अलिकता "तुष" विद्यमान छ । उत्पन्न चिसोपन ओभाइसकेको छैन । नेपालले आफूलाई ट्रेरेन भनेर भारतले चित्त कुँढाएको छ । नेपालले पनि भारतबाट आफू हेपिएको अनुभूति गरिरहेको छ । आकारका हिसाबले ठूलो सानो जे भए पनि सार्वभौम मुलुकका हैसियतले समानताको ब्यवहार उताबाट भएन भन्ने चित्त दुखाई नेपालको रहँदै आएको छ । गतवर्षको नाकावन्दीले त्यसलाई एक हदसम्म पुष्टि गरिदिएको पनि छ । सम्बन्ध हार्दिक र स्वाभाविक नभएको अवस्थामा स्वभावतः शंकालु मनोविज्ञान मानिसको बुझाईमा प्रकट हुन्छ । त्यही कारणले राष्ट्रपतिको स्वागतमा अपेक्षाकृत तल्लो मान्यताको मन्त्री पठाएर नेपालको अपमान गरियो भन्ने धारणा बन्न गएको हो । नेपालीहरूको बुझाई ब्यवहार भन्दा मनोविज्ञानबाट प्रभावित छ भन्नु अत्युक्ति हुदैन ।

ब्यवहारमा उताबाट बेला मौकामा हेपाहा र मिचाहा प्रर्वत्ति प्रदर्शन हुदै आएकै हो । आफूलाई ठूलो दाजु सम्झने र अविभावकत्वको दावा गर्ने रोगबाट स्वतन्त्र भारत आजका मितिसम्म मुक्त हुन सकेको छैन । सत्तामा जुनसुकै पार्टी विराजमान भएपनि बडेभाईको आँखाबाट नेपाललाई हेर्ने परम्परा नै बनिसकेको छ । त्यही धरातलीय यथार्थले नेपालीहरूलाई सधै सशंकित बनाउने गरेको छ । भारतको नियतप्रति नेपालीहरू निशंक हुन नसक्नुको कारण त्यही हो । आफू हेपिएको चेपिएको मनोविज्ञानले नेपालीहरूमा आक्रोस र कुण्ठा उत्पन्न गरेको छ । अघिल्लोवर्ष मुलुकले नाकावन्दी ब्यहोऱ्यो । नाकावन्दी लगाउनेसम्मको कटुतापूर्ण परिस्थिति दुई देशबीचको कुटनैतिक सम्बन्धमा उत्पन्न हुनु नेपालको तत्कालीन सरकारको अदुरदर्शीता मुख्य जिम्मेवार थियो । मुलुकलाई हुनगएको अरबौं खरबौंको घाटा, जनताले भोगेको अकल्पनीय असुविधा र कालोबजारीको कहर तत्कालीन सरकारको अविवेकको परिणाम थियो । कूटनीतिक असफलताको प्रतिफल थियो । तैपनि नेपाली जनतालाई अकर्मण्य सरकारको पक्षमा दृढतापूर्वक उभ्याउने प्रेरणा भारतीय हेपाह परम्पराको निरन्तरताले नै दिएको थियो । आफू बरू भोको बस्न तयार भयो तर भारतसमक्ष नझुक्न सरकारलाईृ जनताले उत्प्रेरित गरिरह्यो । त्यो घटनाले नेपाली जनमानसमा भारतविरोधी भावना थप बृद्धि गर्नमा सहयोग पुऱ्यायो । नेपालमा फस्टाएको घृणाको खेतीको वास्तविकता भारतीय कुटनीतिले बुझेको रहेनछ । नेपाली समाज रूष्ट छ र त्यसको कारण ब्यवहारमा देखिने आफ्नो हेपाह नीति हो भन्ने आभास अनुभूति भारतीय पक्षले गरेको रहेनछ । नेपालसँग हार्दिक सम्बन्ध विकास गर्नुपर्ने चेतना उनीहरूमा पलाएको देखिएन । त्यसो हुन्थ्यो भने औपचारिकताका लागि मात्रै भए पनि राष्ट्रपतिको स्वागतमा कन्न्जुस्याई गरेको देखिने परिस्थिति निर्माण नहोस भन्ने सतर्कता अपनाइन्थ्यो । त्यसको अर्थ भारतीय कुटनीति कित निकै कमजोर छ कि भने दम्भी छ भनेर अनुमान गर्न सकिने भएको छ ।

पछिल्लो दुईवर्षयता नेपालको संसदीय राजनीतिको दोश्रो ठूलो दल एमालेसँग भारतीय संस्थापनको सम्बन्ध उति मिठो रहन सकेको देशिदैन । दुईथरीबीच उत्पन्न कटुता र दूरत्व भने पत्याउन गाह्रो पर्ने खालको छ । खाँट्टी राष्ट्रवादी देखिने उपक्रममा नेपाली समाजमा भारतपरस्त भनेर वदनाम नेताहरू पछिल्लो कालखण्डमा अकस्मात कट्टर भारतविरोधी पहिचान बनाउन सफल भएका छन । उनीहरूको निकट विगत अर्थात तीनवर्ष अगाडिसम्मको ब्यवहार हेर्दा पछिल्लो रूपान्तरण अविश्वनीय र नक्कली लाग्दछ । नेपालीहरूको मानसिकता भूपरिवेष्टित भौगोलिकताका कारणले कुण्ठित छ । त्यही मानसिकतालाई आफ्नो सत्ताको जग बलियो बनाउने अस्त्रका रूपमा नेपालका शासकहरूले प्रयोग गर्ने गरेका छन । हिजो राजसंस्थाले त्यही गरेको थियो । यतिबेला एमालेले त्यही मनोविज्ञानलाई राजिनीतिको आधार बनाएको छ । त्यसैले गतवर्ष चलाइएको उतैको चाहना र योजनामा तत्कालीन सरकारको विस्थापन भएको हो भन्ने प्रोपोगण्डाले जनसमर्थन र विश्वास प्राप्त गरेको हो । त्यो वास्तविकता थिएन भन्ने कुर। मधेसलाई पेलेरै भए पनि स्थानीय निर्वाचत गराइछोड्ने वर्तमान सरकारको सुरसारले पुष्टि गरेको छ । मधेसको असन्तुष्टि सम्बोधन गर्छु भनेर गठन भएको सरकारले यतिबेला एमालेलेकै पथानुशरण गर्नुले त्यतिबेलाको सरकार परिवर्तन सत्तालोभको चलखेल मात्र थियो भने कुरा पुष्टि गरिदिएको छ । अर्थात मधेसलाई हेर्ने बुझ्ने कुरामा खसवर्चस्व भएका तिनवटै ठूला दलमा खासै अन्तर छैन भन्ने कुरा प्रमाणित भएको छ र त्यसले मधेस मुद्दा वा भारतयि चाहना सरकार परिवर्तनको कारक थियो भन्ने कुरा गलत सावित गरिदिएको छ ।

भारतविरोधको मनोविज्ञानमा एमालेले आफ्नो राजनीतिक खेति मौलाउने विश्वास लिएको कुरा सत्य हो । त्यसले एमालेलाई फाइदा पुऱ्यावस वा नपुऱ्यावस मुलुकलाई भने घाटा गर्ने निश्चित छ । अर्कोतिर भारतका निमित्त यसपटकको राष्ट्रपतिको भ्रमण दुखेको नेपाली मनमा मलमपट्टी लगाउने उत्तम अवसर थियो । नेपाली मनेविज्ञान बुझेर भारतले अलिकता सावधानी अपनाइदिएका भए उसैलाई राम्रो हुन्थ्यो । अर्थात मनभित्र जति कटुता भए पनि नेपालको राष्ट्रपतिलाई सम्मानजनक स्वागतको औपचारिकता प्रदर्शन गरिदिएका भए कुण्ठित भएका नेपाली मनहरू प्रफुल्लित हुन्थे । वास्तवमा भारतले सानो चित्तको सार्वजनिक प्रदर्शन गरेकै हो । हुनत गतवर्ष तय भैसकेको भ्रमण विनाकारण स्थगित गरेर तत्कालीन सरकारले भारतको चित्त दुखाएकै हो । त्यतिबेला सरकारको नेतृत्वमा एमाले नै थियो । वर्तमान राष्ट्रपतिको राजनीतिक पृष्ठभभूमि पनि एमाले नै हो । आफूलाई अपमानित गर्ने एमाले नेतृत्वलाई उसको हैसियत देखाइदिने आशयले सिंगो नेपालीको मन अमिलिने परिस्थिति निर्माण गर्नु भारतीय कुटनीतिको महाभूल थियो । भारतको पछिल्लो ब्यवहारले सिंगो नेपालको मन दुखेको छ । विद्या भणडरीको हिजोको राजनीतिक पृष्टभूमि जे भए पनि आजको दिनमा उनी नेपालको राष्ट्रपति हुन । उनको मान अपमान सोझै मुलुकसँग जोडिन्छ । त्यसैले "सौताको रिसले लोग्नेको काख भिजाउने" भनेजस्तो भारतीय ब्यवहार कूटनैतिक निम्छरोपनको प्रदर्शन हो । हेपाहा प्रवृतिको नाङ्गो प्रदर्शन हो । ठूलो र शक्तिशाली मुलक भएको अहम र अहङ्कार पनि हो । हुन त "जे रोप्यो, त्यही सोहोर्ने हो" भनिन्छ । गल्ती त नेपालको तर्फबाट गतवर्ष भ्रमण रद्द गर्दा भएकै हो । त्यतिबेलै राष्ट्रपतिको भ्रमण सम्पन्न हुन दिएका भए भारतले जस्तो ब्यवहार प्रदर्शन गर्थ्यो प्रणव मुखर्जी आउँदा नेपालले पैंचो तिर्ने अवसर पाउँथ्यो । कमसेकम नेपालको राष्ट्रपति स्वयमले स्वागत गरेको वदलामा भारतले भने कनिष्ठ मन्त्रीलाई विमानस्थल पठाएर अपमान गऱ्यो भनेर चित्र दुखाउनुपर्ने अवस्था उतपन्न हुदैनथ्यो । कूटनीतिमा हतारको निर्णय प्रत्युत्पादक हुन्छ भनेको साँचै रहेछ । ■

oxfx?nf0 hfgsf/L 5 Ü

शैक्षिक सत्र २०७४ का लागि बेनीबजार स्थित सम्पूर्ण वोडिङ स्कुलका
पाठ्यपुस्तकहरु सुलभ तरिकाले पाइने एकमात्र स्थान –

**कालिगण्डकी छापाखाना तथा**
**गौतम फोटोकपी एवम् स्टेशनरी सप्लायर्स**

(जीवन सुनचाँदीको अगाडि) न्यूरोड बेनीबजार म्याग्दी फोन नं ०६९५२०४७३, ९८५७६४००००

# हार्दिक बधाई








यस संस्थाका पूर्व अध्यक्ष एवम सफल युवा व्यवसायी प्रमोद श्रेष्ठ निजी क्षेत्रकै सर्वैभन्दा ठूलो छाता संठन नेपाल उद्योग वाणिज्य महासंघको काठमाण्डौमा सम्पन्न ५१ औ वार्षिक साधारणसभाबाट जिल्ला तथा नगर तर्फबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा लोकप्रिय मतका साथ विजयी हुनुभएकोमा खुसी व्यक्त गर्दै हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

| राजेश शाक्य<br>महासचिव | एवम् | जीवनबहादुर विश्वकर्मा<br>अध्यक्ष |
|---|---|---|

## म्याग्दी उद्योग वाणिज्य संघ परिवार

बेनीबजार, म्याग्दी

# कृषकले आफै बिरुवा उत्पादन गर्न थाले

■ नवविकल्प

सुन्तलाको व्यवसायिक खेती गर्दै आएका जलजला गाउँपालीका १ बाँसखकका कृषकले आफ्नै गाउँमा बिरूवा उत्पादनका लागि नर्सरी सञ्चालन गरेका छन् ।

स्थानीय अगुवा कृषक जगतबहादुर खत्री, रेवती खत्री लगायतको अगुवाईमा सञ्चालित नर्सरीले यस वर्ष करिब दश हजार बिरूवा तयार पारेको छ । पुराना बगैचाका बोटमा फल कम लाग्न थालेपछि नयाँ रोप्न र सुन्तला खेती विस्तार गर्न बिरूवा आवश्यक पर्ने भएकाले किसानहरूको सक्रियतामा नर्सरी स्थापना गरी बिरूवा उत्पादन गर्न थालीएको कान्तिपुर दैनिकमा अगन्धर तिवारीले लेखेको खबरमा उल्लेख छ ।

बाहिरबाट बिरूवा किनेर ल्याउँदा महँगो पर्ने भएकाले किसानहरू आफैँ बिरूवा उत्पादनमा लागेका हुन् । उनीहरूले सुन्तलाको बीउ ग्रेडिङ गरेर गाउँमै उत्पादन गरेपछि नर्सरीमा रोपेका थिए । पहिलो वर्ष गरिएको परीक्षण सफल भएपछि यो वर्ष थप थप विरूवा रोप्ने तयारी गरेको कृषक सुमन थापाले बताउनुभयो ।

बाहीरबाट ल्याउँदा बिस रूपैया पर्ने प्रतिबिरूवा आफै उत्पादन गर्दा ५ देखि सात रूपैयामा पाइने उहाँले बताउनुभयो । यसअघि बाँसखर्कका कृषकले जिल्ला कृषि विकास कार्यालयको सहयोगमा कास्की, पाल्पा लगायतबाट बिरूवा ल्याउँदै आएका थिए । किसानहरूले बाहिरबाट बिरूवा ल्याएर रोप्दा महँगो पर्ने भएपछि आफ्नै सिप र स्रोत साधनमा बिरूवा उत्पादन थालेका हुन् ।

सुन्तलाबाट वार्षिक दुई करोड भन्दा बढी आम्दानी गर्दै आइरहेका बाँसखर्कमा अहिलेसम्म २९२ रोपनीमा सुन्तलाको व्यवसायीक खेती भएको छ । डेढ सय परिवार यसमा आवद्ध छन् । नगद आम्दानी हुने भएपछि उनिहरूले धान, कोदो, गहुँ, मकै खेती हुने खेतबारीमा सुन्तला खेती विस्तार गरेका छन् ।

# अल्लो कपडाको माग बढेपछी उद्यमी व्यस्त

■ नवविकल्प

अल्लो कपडाको माग बढेपछि म्याग्दीका उद्यमी व्यस्त भएका छन् । पर्यटकीय स्थल, सहरी क्षेत्र र बिदेशमा अल्लोका कपडा निकासी हुने गरेको छ । बेनीको हाँडेभिर स्थित हिमाली अल्लो समूहमा आवद्ध उद्यमीलाई कपडाको माग पुऱ्याउन भ्याई नभ्याई भएको हो । बढ्दो माग अनुसारको कपडा उत्पादन बढाउनका लागि आधुनिक औजार र उपकरणको प्रयोग गरेर अल्लो कपडा उत्पादन गर्ने तयारी गरेको समूहकी अध्यक्ष बिष्णु गुरूङले जानकारी दिनुभयो ।

उहाँका अनुसार अल्लोको पुवा प्रसोधन गर्ने र कपडा बुन्ने आधुनिक औजार भित्र्याउने तयारी भएको हो । गत महिना काठमाडौमा ४५० मिटर अल्लो कपडा पठाएका समूहलाई थप एक हजार मिटरको माग छ । पोखरा र काठमाडौका ब्यापारीले खरिद गर्ने अल्लोको कपडा जापान निकासी गर्ने गुरूङले बताउनुभयो ।

अल्लो पुवालाई प्रसोधन गरेर त्यसको धागोबाट कपडा तयार पारी कोट, झोला, पर्स, सल र स्वीटर बनाउन सकिन्छ । बलीयो, टिकाउ, जाडोमा न्यानो र गर्मीमा सितल हुने अल्लोका कपडाको माग बढेको उद्यमी रनसुवा छन्त्यालले बताउनुभयो ।

आफ्ना छोराछोरीलाई पढाउनका लागि विभिन्न गाउँबाट सदरमुकाम झरेका महिलाहरूले हाँडेभिर स्थित साझा सुबिधा केन्द्रमा अल्लो प्रसोधन गरि धागो र कपडा बनाउने गरेका छन् । समूहमा दश जना महिलाहरू आवद्ध छन् । एक मिटर अल्लो कपडा पाँच सय रूपैयाँका दरले बिक्री हुने गरेको छ ।

एक जनाले महिनामा ६ मिटरसम्म कपडा बनाउछन् । मासिक १५ हजार रूपैया सम्म आम्दानी गर्ने उनिहरूले घरखर्च चलाएर पनि बचत गर्न थालेको बताउँछन् । पैसाका लागि श्रीमान र घरका सदस्यहरूमा निर्भर हुनुपर्ने अवस्था अन्त्य भएको उद्यमी नेकसरा पुनले बताउनुभयो ।

घरायसी कामबाट बचेको दिउँसोको फुर्सदीलो समय र सिपलाई उनिहरूले साझा सुबिधा केन्द्रमा कपडा बुनेर सदुपयोग गरेका छन् । उनिहरूलाई समय र सिपको सदुपयोगसंगै आयआर्जनको अवसर पनि मिलेको छ । लघुउद्यम विकास कार्यक्रम, संगम म्याग्दी, लघुउद्यमी समूह संघ, घरेलु तथा साना उद्योग विकास समिति, वन कार्यालयले तालीम र औजारहरू सहयोग गरेका छन् ।

उच्च पहाडी क्षेत्रको जंगलमा पाईने चाल्ने सिस्नो भनेर चिनिने अल्लोको पुवालाई प्रसोधन गरेर तयार गरेको धागोबाट कपडा बनाउने गरिएको छ । गाउँलेले जंगलबाट संकलन गरेको पुवालाई प्रसोधन गरि बनाएको धागो प्रतिकिलो एक हजार रूपैयाका दरले खरिद गर्छन् । कपडा बनाउन थालेपछि जंगलमा खेर गैरहेको अल्लो पुवा उपयोगमा आएको छ । एक किलो धागोबाट पाँच मिटर कपडा बनाउन सकिन्छ ।

# साढे ४८ हजार पर्यटकले घोडेपानी घुमे

■ नवविकल्प

एक वर्षको अवधिमा साढे ४८ हजार जना पर्यटकले म्याग्दीको प्रमुख पर्यटकीय स्थल घोडेपानीको भ्रमण गरेका छन् । वि.स २०७३ मा ४८ हजार ६८७ जना बिदेशी पर्यटकले घोडेपानी क्षेत्रको भ्रमण गरेका हुन् । घोडेपानी पर्यटक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार २०७३ को चैत महिनामा वर्षभरीमा सबैभन्दा बढी आठ हजार ६३५ जना पर्यटक आएका छन् । २०७१ मा २७ हजार र ७२ मा बिस हजार जना पर्यटकले घोडेपानी भ्रमण गरेका थिए । २०७३ मा पछिल्लो तिन वर्षयता सबैभन्दा बढी पर्यटक भित्रीएका हुन् ।

घोडेपानी भित्र्ने र बाहीरीने पर्यटकको संख्या बैशाखमा तिन हजार ७६९, जेठमा चार हजार ६२१, असारमा एक हजार ७४८, साउनमा ८१७, भदौमा एक हजार १७८, असोजमा आठ हजार २९७, कात्तिकमा छ हजार ४११, मंसिरमा चार हजार १११, पुषमा तिन हजार १११, माघमा दुई हजार ७९५ र फागुनमा ३४९४ जना रहेको छ ।

२०७१ को हुदहुद आँधी, ०७२ को भुकम्प र नाकाबन्दिका कारण थलीएको पर्यटन ब्यवसाय २०७३ मा पुरानै अवस्थामा फर्कीएको घोडेपानी होटल ब्यवस्थापन उपसमितिका अध्यक्ष जुनबहादुर पुनले बताउनुभयो । अन्नपूर्ण गाउँपालीकाको ५ नम्बर वडामा पर्ने घोडेपानी र त्यहाँदेखि करिब ४५ मिनेट उकालो हिडेपछि पुगीने पुनहिल विश्वप्रसिद्ध अन्नपूर्ण चक्रिय पदमार्ग अन्तरगतको प्रमुख पर्यटकीय स्थल मानिन्छ ।

समुद्रि सतहदेखि तिन हजार २१० मिटरको उचाईमा अवस्थित पुनहिलबाट धौलागिरी, निलगिरी, अन्नपूर्ण, माछापुच्छे, मनास्लु लगायत करिब ३० वटा हिमशृङखला, लालीगुराँसको जंगल र सूर्योदयको दृष्य अवलोकनका लागि प्रसिद्ध छ । पर्यटकीय नगरी पोखरादेखि एक दिनमा पुगीने घोडेपानी पुनहिल क्षेत्रको भ्रमणमा अमेरीका, बेलायत, जर्मन, अस्ट्रेलीया, भारत, दक्षिण कोरीया, चिन, मलेसीया, थाईल्याड लगायत विश्वका थुप्रै देशका नागरीकहरू आउने गर्छन् ।

बिदेशी नागरिकको मात्र तथ्याङ्क राख्ने गरिन्छ । बिदेशी जत्तिकै संख्यामा आन्तरीक पर्यटक पनि आउने गर्छन् । हिजोआज भ्रमणमा आएका आन्तरिक र बाह्य पर्यटकहरूले घोडेपानीका करिब २५ वटा होटलहरू भरीभराउ भएका छन् । सिजनमा दैनिक पाँच सय जना भन्दा बढी पर्यटकहरू घोडेपानी भ्रमणमा आउने गर्छन् । कास्कीको नयाँपुल, घान्द्रुक, म्याग्दीको पोखरेबगर, राम्चे लगायतका बाटो भएर घोडेपानी पुग्न सकिन्छ ।

# सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रभावित

■ नवविकल्प

म्याग्दीका वृद्धबृद्धाले चालु आर्थिक वर्षको दोस्रो चौमासीकको सामाजिक सुरक्षा भत्ता अझै पाउन सकेका छैनन् ।

सरकारले प्रत्येक ४/४ महिनामा वितरण गर्ने सामाजिक सुरक्षा भत्ता निकासा हुन ढिलाई हुँदा जेष्ठ नागरीकहरूले गुनासो गरेका छन् । माघमा वितरण हुनुपर्ने सामाजिक सुरक्षा भत्ता बेनी नगरपालीका बाहेकको स्थानीय निकायमा निकासा हुन सकेको छैन् । भत्ता रकम समयमा नपाएका कारण वृद्धवृद्धाले गाउँपालिकाको वडा सचिवसँग हाम्रो भत्ता किन आएन भनेर दिनहुँजसो गुनासो गर्न थालेका छन् । स्थानीय तहको पुनःसंरचना अनुसार जिल्ला समन्वय समिति र गाउँपालिकाको खाता सञ्चालन गर्न ढिलाई गर्दा लक्षित समुदाय सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित बनेका हुन् ।

गत माघ १५ गतेभित्र वितरण हुनुपर्ने सामाजिक सुरक्षा भत्ता तत्कालीन जिल्ला विकास समितिको ढिलासुस्तीका कारण अहिलेसम्म पाउन नसकेको जेष्ठ नागरीक समाज म्याग्दीका अध्यक्ष नैनकुमार श्रेष्ठले बताउनुभयो ।

सामाजिक सुरक्षा भक्ता वितरण कार्यलाई अघि बढाउन र आसन्न निर्वाचनमा मतदान केन्द्रहरूलाई जेष्ठ नागरीक मैत्री बनाउन समाजले सम्बन्धित निकायसंग माग गरेको छ । अन्नपूर्ण गाउँपालीका १ दोवाका सचिव कुलप्रसाद आचार्यले पुनसंरचना र नयाँ खाता सञ्चालनमा भएको ढिलाइले सामाजिक सुरक्षा भत्ता वितरण, विकास योजना र कार्यक्रमको रकम भुक्तानीको काम प्रभावित भएको बताउनुभयो ।

गाउँमा जाँदा जेष्ठ नागरीकहरूले शंका र गुनासो गरेको बताउनुभयो । जिल्ला समन्वय समितिका सामाजिक सुरक्षा भत्ता सम्बन्धि फोकल पर्सन राजेन्द्र आचार्यले साविकको गाविस कार्यालयहरूको खातामा सामाजिक सुरक्षा भत्ताको रकम पठाउने तयारी भएको अवस्थामा रघुगंगा र धौलागिरी गाउँपालिका नागरिक आन्दोलन संघर्ष समितिबाट तालाबन्दी भएपछि रोकीएको काम खाता परिवर्तनमा ढिलाई हुँदा प्रभावित बनेको बताउनुभयो ।

जिल्ला समन्वय समितिको नयाँ संरचना अनुसारको खाता सञ्चालन भएको र गाउँपालीकाहरूको खाता सञ्चालन भएपछि अबको केही दिनमै रकम पठाईने आचार्यले बताउनुभयो । दोस्रो चौमासीकको करिब सात करोड रूपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण हुदैछ् ।

म्याग्दीमा चालु आर्थिक वर्ष २०७३/७४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको संख्या २३ हजार ३४४ जना रहेको छ । सरकारले जेष्ठ नागरीक, एकल महिला, (क) र (ख) बर्गका अपाङ्ग र दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । रासस


हार्दिक शुभकामना

नववर्ष २०७४ को पावन अवसरमा आफन्तजन, इष्टमित्र, शुभचिन्तक, व्यवसायी, ग्राहक लगायत सम्पूर्ण नेपालीजनहरुमा सुख शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अर्जुन शर्मा — सचिव | एवम् | शिव खड्का — अध्यक्ष

म्याग्दी कुखुरा व्यवसायी संघ परिवार

बेनीबजार, म्याग्दी

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४

प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४

"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"

जीवन सुन चाँदी दुकान


बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)


विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

सबै काम एउटै छानामुनी

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स

गणेशटोल बेनी, म्याग्दी

फोन न. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८

विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

खुल्यो ! खुल्यो !! खुल्यो !!!

तपाई हाम्रै नगरी पर्वत बेनीमा बागलुङ भगवती ड्राईभिङ ईन्स्टिच्युट खुलेको सहर्ष जानकारी गराउँदछौ ।




हाम्रा सेवाहरू : : जीप, कार, भ्यान, मोटरसाईकल, स्कुटर सिक्नका लागि हामीलाई सम्झनुहुन अनुरोध गर्दछौ । दक्ष र अनुभवी प्रशिक्षकहरुद्धारा तालिम प्रदान गरिने यस ईन्स्टिच्युटको आफ्नै पर्याप्त र सुबिधायुक्त पूर्बाधार तथा सवारी साधन रहेको जानकारी गराउँदछौ । नोट ग्रुपमा आउनेहरुलाई बिशेष छुटको व्यवस्था समेत रहेको छ ।

प्रो. राम के.सी

बागलुङ भगवती ड्राइभिङ इन्स्टिच्युट

पर्वत बेनी, मल्लाज जाने बाटोमा, सम्पर्क फोन ०६९५२०२११, ९८६७६४११५०, ९८४७७४६८५१

सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता

क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

## उम्मेदवार ....

उम्मेदवार चयन गर्न बाँकी छ ।

काँग्रेसले मालीका गाउँपालिकाको प्रमुखमा दरवाङ दुःखका श्रीप्रसाद रोका, उपप्रमुखमा रूमकी बिमला रोकालाई उम्मेदवार बनाउने निर्णय सहित प्रचारप्रसारमा जुटेको छ भने एमालेमा गाउँपालिकाको अध्यक्षको उम्मेदवारका लागि मोतीराज गौतम, बेगप्रसाद गर्बुजा र भिम पुनको नाम सिफारिस भएको छ । उपप्रमुखमा एमालेबाट खरमाया बिटालु उठ्ने चर्चा छ ।

माओवादी केन्द्रले मालीकाको अध्यक्षमा बिमका कमल केसी र ओखरबोटका दिलीप शेरचन तथा उपप्रमुखमा लालमाया पाईजा र सरस्वती पुनको नाम सिफारिस गरेको छ । जनमोर्चाका जिल्ला अध्यक्ष छवी विश्वकर्मा मालीकाको अध्यक्षमा उम्मेदवार बन्ने हुनुभएको छ । मंगलामा नेपाली काँग्रेसबाट जितेन्द्र पुन, श्रीराम पौडेल, पुस्कर पुन, चक्रपाणी आचार्य, एमालेका प्रेमप्रसाद रेग्मी, सतप्रसाद रोका र शंकर शेरचन गाउँपालिका अध्यक्षको आकाक्षी हुनुहुन्छ ।

मंगला गाउँपालिकामा माओवादी केन्द्रले अर्मनका चन्द्रप्रसाद बुढालाई उम्मेदवार बनाउने निर्णय गरेको छ । एमालेको तर्फबाट कुहुँकी सिर्जना केसी उपाध्यक्षमा उठ्ने चर्चा छ भने माओवादी केन्द्रले सिमलचौरकी बृन्दा खड्का र कुहुँ भरजुलाकी यामकुमारी पुनलाई उपाध्यक्षको उम्मेदवारका लागि सिफारिस गरेको छ । काँग्रेसले उपाध्यक्षको उम्मेदवार सिफारिस गर्न बाँकी छ । धौलागिरी गाउँपालिकामा उम्मेदवार सिफारिसमा काँग्रेस र एमालेलाई माओवादी केन्द्रले उछिनेको छ । माओवादीले ताकमका तत्कालीन जिविसको क्षेत्रीय सदस्य खुमनाथ सुवेदी र धारापानीका रिमप्रकाश थापालाई अध्यक्षको उम्मेदवार बनाउन सिफारिस गरेको छ । उपप्रमुखको नाम सिफारिस गर्न बाँकी छ ।

काँग्रेसमा धौलागिरी गाउँपालिकाको अध्यक्षको उम्मेदवार बन्न तमबहादुर थापा, डिलबहादुर केसी, कमल छन्त्याल, डम्मर भण्डारी, चकबहादुर मल्ल लगायत आकांक्षी छन् । एमालेमा थमसरा पुन, देउप्रसाद छन्त्याल, दिनेश केसी, प्रगती कार्की धौलागिरीको अध्यक्ष र उपाध्यक्ष पदको उम्मेदवार लागि आकाक्षी देखिएका छन् ।

आकांक्षी धेरै भएकाले उम्मेदवार सिफारिस र छनौट गर्न दलका जिल्ला स्तरीय नेतृत्वलाई सकस परेको छ । सर्वसहमतीमै उम्मेदवार छनौट गर्न प्रयास जारी रहेको नेताहरूले बताएका छन् ।

केन्द्र बिवाद रहेको रघुगंगा बाहेक अन्नपूर्ण, धौलागिरी, मालीका र मंगला गाउँपालिका तथा त्यस अन्तरगतका वडाहरूको उम्मेदवार सिफारिसका लागि दलहरूले गृहकार्य तिब्र बनाएका छन् । एक नगरपालिका, पाँच गाउँपालिका र ४५ वडा रहेको म्याग्दीमा चुनावबाट २३७ जनप्रतिनिधि निर्वाचीत हुने जनाइएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

यस म्याग्दी जीप तथा बस सञ्चालक समिति अन्तर्गत रही यस बस तथा जीप सञ्चालन गर्न चाहनुहुने महानुभावहरुलाई आफूले चाहेको रुटमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी रुट खुल्ला रहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

थप जानकारीका लागि :

**म्याग्दी जीप तथा बस सञ्चालक समिति**

प्रधान कार्यालय, बेनी, म्याग्दी

फोन : ०६९५२०८८२, ९८५७६४०३६३



## यात्रु महानुभावहरुलाई खुशीको खबर



पश्चिम म्याग्दी यातायात प्रा.लि.को संयोजनमा २०७३ मंसिर १९ गतेदेखि बेनी-दरबाङमा अत्याधुनिक र सुविधासम्पन्न जीप सेवा सुचारु भएको व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि

**पश्चिम म्याग्दी यातायात प्रा.लि.**

दरबाङ, म्याग्दी, मोबाइल नं. ९७४१४०५०००



## सूचना

छोरा र छोरीलाई समान व्यवहार गरौं, छोरीलाई पनि स्कूल पठाऔं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग



**शर्मा डेस्कटप, बेनी**

डिजाइन सम्बन्धी कामका लागि सम्झनुहोस्...

मो.नं. ९८५७६२१५६०



## हार्दिक बधाई




यस संस्थाका अध्यक्ष श्री प्रमोद श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासंघको काठमाण्डौमा चैत २९ गते सम्पन्न ५१ औ साधारणसभाबाट जिल्ला/ नगर तर्फको उपाध्यक्ष जस्तो गरिमामय पदमा लोकप्रिय मतका साथ विजयी हुनुभएकोमा प्रशन्नता व्यक्त गर्दै हार्दिक बधाई ज्ञापन साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

| ध्रुवराज सुवेदी | यामबहादुर खड्का | रामजी सुवेदी | विजयकुमार श्रेष्ठ |
|---|---|---|---|
| प्रबन्धक | प्रबन्ध निर्देशक | सचिव | उपाध्यक्ष |

**म्याग्दीकाली सञ्चार सहकारी संस्था लि. परिवार**

बेनीबजार, म्याग्दी






## हार्दिक बधाई

यस संस्थाका संस्थापक शेयर सदस्य एवं सफल युवा व्यवसायी श्री प्रमोद श्रेष्ठ यही चैत्र २८ र २९ गते काठमाण्डौमा सम्पन्न भएको नेपाल उद्योग वाणिज्य महासंघको ५१ औं साधारण सभाबाट जिल्ला तथा नगर उद्योग वाणिज्य क्षेत्रबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा लोकप्रिय मतका साथ निर्वाचित हुन सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन साथै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं ।

| भरतकुमार राजभण्डारी | लक्ष्मण शर्मा | रमेश गिरी |
|---|---|---|
| प्रबन्धक | सचिव | अध्यक्ष |

**बेनी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बेनीबजार, म्याग्दी



## STUDY & WORK IN JAPAN

Admission Open .........

**Our Services:-**

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preparation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

**INTAKE: April/July/October/January**

Your bridge for aboard study in **Japan**
for more detail visit us............

**S. Raj Language Institute (P) Ltd.**

*Sangam Chock-Beni*

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।





प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

## जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

**हाम्रा सेवाहरु**

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

# बोली

## कमल विश्वकर्मा



बेनीबजार साँघुरो छ , जनघनत्व अत्यधिक छ , पैदलयात्री हिंड्ने छुट्टै लेन छैन, बालबच्चा, वृद्ध, असक्त सबै यही सडकबाट हिंड्नु पर्ने बाध्यता छ , सडक सुरक्षाको लागि ट्राफिकको उपस्थिती छैन, अनि सवारी चालकसंग बिबेक छैन ! कतै हामी भयानक दुर्घटना तर्फ त गैरहेका छैनौं ? सरोकारवाला निकायहरू, सवारीचालक, सवारी धनी, प्रशासन, ट्राफिक, पैदलयात्री बेलैमा सचेत हुनु एकदम ढिलो भैसक्यो ।

## भुवन मल्ल



स्थानीय तहको चुनाव भनेको स्थानीय तहको विकास गर्ने दल वा ब्यक्ति छनोट गर्ने सुवर्ण अवसर हो । तसर्थ स्थानीय तहको चुनावमा नगद वितरण गर्ने, भोज भतेर गर्ने दल वा ब्यक्तिलाई भोट नदिऊं । याद राखौं जसले नगद वितरण र भोज भतेर गर्छ, उसले सो खर्च असुल गर्न भ्रष्टाचार गर्छ ।

## अमृतप्रसाद शर्मा



पार्टी जुन सुकै होस । तर नेता विकासप्रेमी हुनुपर्‍यो मेरो भोट ऊसैलाइ ।

## लिलाराम गौतम



राजनीति भित्रको कुटनीति नबुझ्नेले राजनीति नगर्दा बुद्धिमता हुनेरहेछ ।

## रमेशकुमार पौडेल



काँग्रेसको नेतृत्वमा सरकार हुँदा देशले संविधान पायो । एमालेको नेतृत्वमा सरकार हुँदा नाकाबन्दी जस्तो अत्यन्त प्रतिकुल अवस्थामा पनि देशको स्वाभिमान डगमगाएन । माओवादीले नेतृत्व गरेका बेलामा लोडसेडिङ हट्यो । केही गर्न सक्ने खुबी सबैमा छ । सबै मिले झनै गज्जब हुन्छ । जस्तै सबै मिल्दा मात्रै देशमा क्रान्ति सफल भएको छ ।

## उत्तम कर्मचार्य



अबको स्थानिय चुनाबमा सक्षम नेतृत्व,नयाँ सोंच र समाज परिबर्तनको लागि युबा नेतृत्व को आबस्यकता छ ।

## निराजन थापा



म्याग्दी एमालेमा स्थानीय निर्वाचनका विभिन्न पदका आकांक्षीहरुको फेसबुकमा सक्रियता देख्दा यस्तो लाग्छ, कि पछिल्लो २० वर्ष त के २० महिनामा यी महानुभावहरु कति पटक कुन कुन गाउँमा पुगेर संगठन सुदृढिकरणमा सरिक भए होलान् ?

## अर्जुन ढकाल



ज्यानको जोखिममोलेर नेपाली सेनाले मुस्ताङबाट बस दुर्घटनामा घाइत भएका बिरामीलाई पोखरा उपचारका लागि ल्याउने आन्दोलनका नाममा उपचार नै नगर्ने डाक्टर र मनिपाल अस्पताललाई कार्वाही हुनैपर्छ

## अर्जुन सुवेदी



बैशाख ३१ मा निर्वाचन गर्न २ नम्बर प्रदेशमा समस्या हो भने १,५ र ७ प्रदेशको चुनाव पनि अर्को चरणमा सार्नुपर्ने किन ? चुनाव तयारीका नाउमा राज्यको अर्वौ खर्च भैसकेको छ । सक्ने र तयारी पुगेको ठाउँमा चुनाव गराउ । सरकार र मधेशी मोर्चाबीचको कपाली तमसुकले निर्वाचनलाई खतरामा नपारोस् ।

# प्रवासी युवाहरुको सक्रियतामा खेलमैदान निर्माण

■ नवविकल्प



बेनी नगरपालिका ८ काउँलेगौडामा प्रवासमा रहेका युवाहरूको सक्रियतामा खेलमैदान निर्माण भएको छ । रोजगारी, अध्ययन र पेशा व्यवसायको शिलशिलामा विश्वका विभिन्न देशमा पुगेका काउँलेगौडाका युवाहरूले प्रवासमा नगद संकलन गरेर व्यवस्थित खेलमैदान निर्माण गरेका हुन् ।

जापान, अमेरिका, बहराइन, दुवई, कतार, ओमन लगायत देशमा रहेका युवाहरूको सहयोगमा ३५ मिटर लम्बाई र ११ मिटर चौडाई भएको खेलमैदान निर्माण गरिएको निर्माण समितिका कोषाध्यक्ष रूद्र रेग्मीले बताउनुभयो ।

हाल जापानमा रहेका गणेश श्रेष्ठको संयोजकत्वमा गठन भएको समितिले चार लाख १५ हजार रूपैयाँ सहयोग जुटाएका थिए । चार लाख दश हजार रूपैयाँको लागतमा खेलमैदान निर्माण भएको कोषाध्यक्ष रेग्मीले बताउनुभयो ।

खेलमैदानको वरपर पन्ध्र मिटर अग्लो ट्रस (फलामको) पाईप राखेर तारजालीले घेराबार गरिएको छ । बिचभागमा माटो राखेर फिलीङ गरिएको खेलमैदानको छेउमा ढलान गरिएको छ । भलिबल खेललाई लक्षित गरेर निर्माण भएको खेलमैदानमा बास्केटबल पनि खेल्न सकिन्छ ।

स्थानीय सल्लेरी नरवुद्धी प्राबिको परिसरमा रहेको सो खेलमैदान निर्माणका लागि हाल बेलायतमा रहनुभएका भोजबहादुर बानियाँले जग्गा उपलब्ध गराउनुभएको थियो । व्यवस्थित खेलमैदान निर्माण भएपछि भलिबल खेलमा म्याग्दीमै अगाडी रहेका काउलेगौडाका खेलाडीहरू उत्साहीत भएका क्लबका संस्थापक अध्यक्ष तेजेन्द्र बानियाँले बताउनुभयो ।

काउलेगौडा युवा क्लवले म्याग्दी र छिमेकी जिल्लाहरूमा आयोजना हुने भलिबल प्रतियोगितामा थुप्रै उपाधी जितेको छ । व्यवस्थित खेलमैदान अभावमा समस्यामा परेका खेलाडीहरूको मनोबल बढाउन र खेल अभ्यास गर्न सहज होस भनेर खेलमैदान निर्माणमा सघाएको सहयोग संकलन अभियानका संयोजक गणेश श्रेष्ठले बताउनुभयो ।

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing, Nokia, Samsung, LG, Sony, Blackberry, HTC, Flash, Unlock & Repair
प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१८०११

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी
रारा अटोमोबाईल्स
पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)
हाम्रा सेवाहरू
विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७
हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

पुनहिल
पानी चाहिएमा सम्झनुहोस्
जुलेश/राजेश मल्ल
मोवाइल नम्बर ९८४१४५४२९५, ९८४७०७६१३३
माझफाँट १ पर्वत
होम डेलिभरीको व्यवस्था छ ।

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286